# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## उद्योग शाखा
मौवाफाँट, म्यागदी

गण्डकी प्रदेश, नेपाल


प.सं.:-०७८/७९
च.नं.:- ६०९

मिति :- २०७८/०८/०१

श्री वडा कार्यालय सबै
रघुगंगा गाउँपालिका म्याग्दी।

विषय :- प्रविधि हस्तान्तरणको लागि प्रस्ताव पेश गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा घरेलु तथा साना उद्योग कार्यालय म्याग्दी, गण्डकी प्रदेशको मिति २०७८/०७/२९ मा प्रकाशित सुचनाको छायाप्रति यसैपत्रसाथ संलग्न गरी पठाईएको छ। विस्तृत व्यहोरा सोही पत्रबाट अबगत गरी मिति २०७८/०८/१३ गतेभित्र प्रविधि हस्तान्तरणको लागि प्रस्ताव तयार पारी घरेलु तथा साना उद्योग कार्यालय म्याग्दी, गण्डकी प्रदेशमा पेश गर्न सहजीकरण गरिदिनुहुन अनुरोध छ ।

अमृत पहरी
प्रमुख प्रशासकीय अधिकृत



वेवसाइट: raghugangamun.gov.np
इमेल: raghugangagapa@gmail.com


Scanned with CamScanner

फो.नं. ०६९-५२०१६२

प्रदेश सरकार
पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

म्याग्दी, गण्डकी प्रदेश

## प्रविधि हस्तान्तरणको लागि प्रस्ताव आह्वान सम्वन्धी सूचना !

(प्रथम पटक प्रकाशित मिति २०७८/०७/२९)

यस कार्यालयको आ.व. ०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार बजेटको परिधिभित्र रही यस कार्यालयमा दर्ता भई यस जिल्लामा सचालनमा रहेका लघु, घरेलु तथा साना उद्योगी वा उद्योगीहरुको समूहलाई उद्योगको प्रकृति आवश्यकता र उद्योगबाट सृजना हुने रोजगारीका आधारमा प्रति उद्यमीलाई बढीमा दुई लाख रुपैयाँसम्मको प्रविधि (मेसिन, औजार र उपकरण) ८०% अनुदान र २०% उद्यमी स्वयंको लगानीमा हस्तान्तरण गर्ने कार्यक्रम भएकोले तपशिलमा उल्लिखित कागजातहरु संलग्न गरी इच्छुक उद्यमीहरुले निवेदन दस्तुर वापत रु १००।- यस कार्यालयमा बुझाएको रसिद संलग्न राखी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा रीतपूर्वक निवेदन (प्रस्ताव) दर्ता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। म्याद नाघी आएको र रीत नपुगेको निवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा जानकारी गराइन्छ। साथै यस सम्वन्धमा थप जानकारी आवश्यक भएमा यस कार्यालयको फोन नं ०६९-५२०१६२ मा सम्पर्क गर्नु हुन समेत अनुरोध छ।

शर्तहरु :

- एकपटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीलाई ३ वर्ष व्यतित नभई पुनः प्रविधि हस्तान्तरण गरिने छैन।
- प्रविधि प्राप्त गरेको मितिले ३ वर्षसम्म उक्त प्रविधि अरुलाई हक हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न पाइने छैन।
- प्रविधि प्राप्त गरेको मितिले ३ वर्षसम्म उक्त प्रविधि अरुलाई हक हस्तान्तरण गर्न वा विक्री वितरण गर्न पाइने छैन।
- आर्थिक एवं सामाजिक दृष्टिले पछाडी परेका आदिवासी, जनजातीद्वारा कुमाल, दलित, महिला, मधेसी, अपाङ्ग, संचालित उद्योग व्यवसायलाई प्राथमिकता दिइनेछ।
- आवश्यकता पहिचानका आधारमा अनुगमन तथा निरीक्षण गरेर मात्र प्रविधि हस्तान्तरण गरिनेछ।
- निवेदन लघु, घरेलु तथा साना उद्यमी प्रविधि (मेसिन, उपकरण ) हस्तान्तरण मापदण्ड २०७७ (संशोधन सहित)को अनुसुची ५ बमोजिमको ढाँचामा हुनुपर्नेछ। सो निवेदन यस कार्यालयबाट उपलब्ध हुनेछ।

२०७८/०७/२९

(नन्दलाल पौड्याल)
कार्यालय प्रमुख
कार्यालय प्रमुख

तपशिल :

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. उद्यमीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि।
२. उद्योग दर्ता प्रमाण पत्र (नवीकरण सहित)को प्रतिलिपि।
३. स्थायी लेखा नं दर्ता प्रमाण पत्रको प्रतिलिपि।
४. आ.व.०७७/०७८ को कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि।
५. उद्योगको व्यवसायिक योजना (स्कीम)।
६. खाद्य सम्वन्धी उद्योग भए खाद्य अनुज्ञापत्रको प्रतिलिपि।
७. तालिम लिएको भए सो को प्रमाण पत्रको प्रतिलिपि।

श्री उद्यम शाखा
प्रचारप्रसारका लागि वडा कार्यालय पठाउने / कार्यालयको सूचनापाटी, सामाजिक सञ्जाल मार्फत प्रचार गर्ने
८/२०

रघुगंगा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नम्बर: ५४१
दर्ता मिति: २०७८।८।१



Scanned with CamScanner